जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# दुर्गौली कैलाली
# सुदुर पश्चिम प्रदेश,नेपाल
**सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७५/११/३० गते)

जानकी गाउँपालिका जानकी गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली ७ नं. प्रदेश, नेपाल

१) यस गाउँपालिकाका तपसिल बमोजिमका निर्माण कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १५औं दिनसम्म दरभाउ पत्र फाराम यस कार्यालयमा सम्वन्धित निर्माण ब्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण गरेको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणत पत्र, नियमानुसारको तपसिलमा उल्लेखित दरभाउ पत्र दस्तुर (पछि फिर्ता नहुने गरी) नगदै वा यस कार्यालयको सिभिल बैंक लिमिटेड दुर्गौली स्थित संचित कोष खाता नंबर ०६५१०२०७२९३०१६ मा दाखिला गरेको बैंक भौचर निवेदन साथ पेश गरेपछी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएका दरभाउ पत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाउ पत्र फारमसाथ जमानत वापतको रकम यस गाउँकार्यपालिकाको कार्यालयको नाममा दुर्गौली बजार स्थित सिभिल बैंकमा रहेको धरौटी खाता नं. ०६५१०२०७२९३०४८ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र फारामहरु यस कार्यालयमा दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे पछि खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ पत्र फाराम खरिद गर्ने ,दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त दरभाउ पत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने ,स्वीकृत नगर्ने ,रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउ पत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७)दरभाउ पत्र सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८)दरभाउ पत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेव साइट वा सूचना पाटी मार्फत जानकारी गराइनेछ ।

९)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

१०)दरभाउ पत्र सम्बन्धी थप जानकारी गाउँपालिकाको वेव साइट www.janakimunkailali.gov.np,इमेल janakiruralmun@gmail.com ,फोन ०९१५०००७७ ,सूचना पाटी मार्फत लिन सकिने छ ।

| दरभाउ पत्र/ठेक्का नं. | कामको बिबरण | दरभाउ पत्र फारम दस्तुर रु. | अनुमानित लागत रु | जमानत रकम |
|---|---|---|---|---|
| 01/2075/076/SQ/W/NCB/JRM | राधाकृष्ण मन्दिर निर्माण,जानकी ३,कैलाली | ३,०००/- | १२८७६६७५२ | ३८,०००। |

जानकी गाउपालिका
गाउँकार्यपालिकाको कार्यालय,कैलाली

मातृका प्रसाद भट्टराई
प्रमुख प्रशासकिय अधिकृ